# बीउ बिजन नियमावली, २०६९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६९।११।१४

बीउ बिजन ऐन, २०४५ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "बीउ बिजन नियमावली, २०६९" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) "उपसमिति" भन्नाले नियम ३ बमोजिम गठित उपसमिति सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालय सम्झनु पर्छ ।

(ङ) "केन्द्र" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र सम्झनु पर्छ ।

(च) "बाली निरीक्षक" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "बीउ बिजन विश्लेषक" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "बीउ बिजन नमूना सङ्कलक" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।



नेपाल कानून आयोग

## परिच्छेद–२

## उपसमितिको काम, कर्तव्य तथा अधिकार

३. **उपसमितिको गठनः** (१) समितिले ऐनको दफा ६ बमोजिम देहायका उपसमितिहरु गठन गर्न सक्नेछः—

(क) जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति,

(ख) योजना तर्जुमा तथा अनुगमन उपसमिति,

(ग) गुणस्तर निर्धारण तथा व्यवस्था उपसमिति ।

(२) उप नियम (१) मा उल्लेखित उपसमितिहरुका अतिरिक्त समितिले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकतानुसार अन्य उपसमितिहरु गठन गर्न सक्नेछ । यसरी गठित उपसमितिहरुको काम, कर्तव्य तथा अधिकार समितिले तोके बमोजिम हुनेछ ।

४. **जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिः** समितिले नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम बीउ बिजनका जातहरुको अनुमोदन, उन्मोचन र दर्ता गर्ने प्रयोजनको लागि गठन गर्ने जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन्ः—

(क) महानिर्देशक, कृषि विभाग - अध्यक्ष

(ख) निर्देशक, (बाली तथा बागवानी) नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(ग) प्रमुख, सम्बन्धित बाली अनुसन्धान कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(घ) कार्यक्रम निर्देशक, विषय वस्तुसँग सम्बन्धित निर्देशनालय, कृषि/पशु सेवा विभाग - सदस्य

(ङ) प्रमुख, माटो विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(च) प्रमुख, बीउ विज्ञान तथा प्रविधि महाशाखा,
नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(छ) बीउ व्यवसायी संघमा प्रतिनिधित्व गर्ने बीउ बिजन
उद्यमीहरुमध्येबाट एक जना - सदस्य

(ज) बीउ बिजन व्यवसायमा संलग्न गैर सरकारी
संस्थाहरुमध्येबाट समितिले मनोनीत गरेको एक जना - सदस्य

(झ) प्रमुख, केन्द्र - सदस्य-सचिव

५. **जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिको काम, कर्तव्य र अधिकारः** जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विकसित बीउ बिजनका जातहरुको अनुमोदन, उन्मोचन र दर्ताको लागि आवश्यक पूर्वाधारहरु तयार गरी समितिबाट अनुमोदन गराउने,

(ख) उन्मोचन हुन नसकेको बीउ बिजनको उन्मोचन र दर्ताको लागि समिति समक्ष सिफारिस गर्ने,

(ग) उन्मोचित बीउ बिजनको जातहरुको पहिचान गरी आवश्यक विवरणहरु सहित दर्ताको लागि समिति समक्ष पेश गर्ने,

(घ) अनुमोदित तथा उन्मोचित बीउ बिजनको जातको प्रजननको व्यवस्था मिलाउने,

(ङ) बिदेशबाट आयात हुने बीउ बिजनका जातहरु तथा नेपालभित्र उत्पादन भइरहेका रैथाने एवं स्थानीय जातको बालीको बीउ बिजनलाई अभिलेख गरी राख्न तथा जात दर्ता गर्नको लागि समिति समक्ष सिफारिस गर्ने,

(च) निजी क्षेत्रलाई बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता गर्नको लागि समिति समक्ष सिफारिस गर्ने,

नेपाल कानून आयोग

(छ) उन्मोचित बीउ बिजनको कुनै जात दर्ताबाट हटाउन आवश्यक देखिएमा सो जातलाई दर्ताबाट हटाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) उन्मोचित बीउ बिजनको जातको सम्बर्द्धन तथा संरक्षणको व्यवस्था मिलाउने,

(झ) जात अनुमोदन, उन्मोचन र दर्तासँग सम्बन्धित अन्य कार्य गर्ने ।

६. **योजना तर्जुमा तथा अनुगमन उपसमितिः** समितिले नियम ३ को उपनियम (१) को खण्ड (ख) बमोजिम बीउ बिजनको उत्पादन, बिक्री वितरण तथा आपूर्ति सम्बन्धी योजना तर्जुमा तथा अनुगमन गर्नको लागि गठन गर्ने योजना तर्जुमा तथा अनुगमन उपसमितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन ।

(क) सह-सचिव, योजना महाशाखा, कृषि विकास मन्त्रालय - अध्यक्ष

(ख) उप-महानिर्देशक, योजना, कृषि विभाग - सदस्य

(ग) निर्देशक, (बाली तथा बागवानी), नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(घ) कार्यक्रम निर्देशक, बाली विकास निर्देशनालय, कृषि विभाग - सदस्य

(ङ) प्रमुख, सम्बन्धित बाली अनुसन्धान कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(च) प्रबन्ध सञ्चालक, राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड - सदस्य

(छ) प्रमुख, बीउ विज्ञान तथा प्रविधि महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(ज) बीउ व्यवसायी संघमा प्रतिनिधित्व गर्ने बीउ बिजन उद्यमीमध्ये एक जना - सदस्य

(झ) प्रमुख, केन्द - सदस्य-सचिव

७. **योजना तर्जुमा तथा अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकारः** योजना तर्जुमा तथा अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) बीउ बिजनको आपूर्ति सुचारु रुपले गर्ने व्यवस्था मिलाउन आवश्यक कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) मूल बीउ बिजन र प्रमाणित बीउ बिजनको व्यवस्था मिलाउने,

(ग) बीउ बिजन उत्पादन तथा बिक्री वितरण कार्यमा निजी तथा सरकारी क्षेत्र बीच समन्वय कायम गर्न समितिलाई सहयोग पुर्याउने,

(घ) स्वीकृत नीति अनुरुप बीउ बिजनको मूल्य तोक्ने,

(ङ) स्वीकृत कार्यक्रम अनुसार बीउ बिजनको उत्पादन तथा खपतको अनुगमन गर्ने,

(च) बीउ बिजन उत्पादन तथा बिक्री वितरण सम्बन्धी अन्य कार्य गर्ने ।

८. **गुणस्तर निर्धारण तथा व्यवस्था उपसमिति गठनः** (१) समितिले नियम ३ को उपनियम (१) को खण्ड (ग) बमोजिम बीउ बिजनको गुणस्तर निर्धारण, अनुमोदन तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने प्रयोजनको लागि गठन गर्ने गुणस्तर निर्धारण तथा व्यवस्था उपसमितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

(क) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् - अध्यक्ष

(ख) निर्देशक, (बाली तथा बागवानी), नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(ग) कार्यक्रम निर्देशक, सम्बन्धित निर्देशनालय, कृषि/पशु सेवा विभाग - सदस्य

(घ) प्रमुख, बीउ विज्ञान तथा प्रविधि महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(ङ) प्रमुख बाली रोग विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(च) प्रबन्ध सञ्चालक, राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड - सदस्य

(छ) प्रतिनिधि, बीउ बिजन उद्यमी, बीउ व्यवसायी संघ - सदस्य

(ज) प्रमुख, सम्बन्धित बाली अनुसन्धान कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद् - सदस्य

(झ) प्रमुख, केन्द्र - सदस्य-सचिव

९. **गुणस्तर निर्धारण तथा व्यवस्था उपसमितिको काम, कर्तव्य र अधिकारः** गुणस्तर निर्धारण तथा व्यवस्था उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) कुनै पनि बीउ बिजन बिक्री वितरण गर्नु अगावै गुणस्तर निर्धारण गर्नको लागि समिति समक्ष पेश गर्ने,

(ख) बीउ बिजनको गुणस्तर अनुमोदनको लागि समिति समक्ष सिफारिस गर्ने,

(ग) समितिबाट अनुमोदित, उन्मोचित जातका बीउ बिजनको प्रमाणीकरणको लागि गुणस्तरको न्युनतम मापदण्ड निर्धारण गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) बीउ बिजनको गुणस्तरको न्यूनतम मापदण्ड प्रकाशन गर्ने,

(ङ) बीउ बिजनको गुणस्तर निर्धारण अनुमोदन तथा प्रमाणिकरण सम्बन्धी अन्य कार्य गर्ने ।

१०. **उपसमितिहरुको बैठक सम्बन्धी कार्यविधिः** (१) उपसमितिहरुको बैठक सम्बन्धित उपसमितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) उपसमितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा उपसमितिको बैठकको लागि गणपूरक संख्या पुगको मानिनेछ ।



नेपाल कानून आयोग

(३) उपसमितिको बैठकको अध्यक्षता उपसमितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) उपसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) उपसमितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई उपसमितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) उपसमितिको बैठकको निर्णय उपसमितिको सदस्य—सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) उपसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद— ३

## बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता सम्बन्धी व्यवस्था

११. **बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ताः** (१) प्रजनकले नयाँ जातको बीउ बिजनको अनिवार्य रुपमा अनुमोदन, उन्मोचन र दर्ता गराउनु पर्नेछ ।

(२) नयाँ जातको बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ता गराउन चाहने प्रजनकले त्यस्तो बीउ बिजनको नमूना सहित अनुसूची-१ को खण्ड (क) वा (ख) बमोजिमको ढाँचामा जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पर्न आएको निवेदन उपर जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिले देहाय बमोजिमको कार्यविधि अपनाई नयाँ जातको बीउ बिजनको अनुमोदन, उन्मोचन र दर्ताको लागि सिफारिस गर्नेछः—

(क) समितिले निर्धारण गरे बमोजिम बीउ बिजनको विशिष्टता, एकरुपता र स्थायित्व भए नभएको जाँच गर्ने र आवश्यकता अनुसार बीउ बिजनको परीक्षण समेत गरी सर्वसाधारणको जानकारीमा ल्याउने,

(ख) खण्ड (क) बमोजिम परीक्षण गरी आवश्यकता अनुसार सम्बन्धित निकाय समक्ष पठाउने ।

**१२. <u>बीउ बिजनको जात दर्ताको लागि निवेदन दिने:</u>** (१) बिदेशबाट आयात गरिने बीउ बिजनहरुलाई जात दर्ताको लागि आयातकर्ताले अनुसूची-१ को खण्ड (ग) बमोजिमको ढाँचामा जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) नेपालमा परम्परा देखि प्रयोग गरिदै आएको स्थानीय जातको बीउ बिजनहरुलाई राष्ट्रिय अभिलेखमा राख्न तथा जात दर्ता गर्नको लागि अनुसूची-१ को खण्ड (घ) बमोजिमको ढाँचामा जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम पर्न आएका निवेदन उपर आवश्यक छानविन गरी जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिले जात दर्ता एवं सूचित गर्नको लागि समिति समक्ष सिफारिस गर्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आनुबाशिंक परिवर्तित बाली तथा जीवित रुपमा रुपान्तरित बालीको बीउको हकमा जैबिक सुरक्षा विश्लेषण गरिएको प्रतिवेदन वा विवरणको आधारमा मात्र जात दर्ता गरिनेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बर्णनपुंशक प्रविधि (टर्मिनेटर टेक्नोलोजी) प्रयोग भएको बीउको जात दर्ता गरिने छैन ।

**१३. <u>बीउ बिजनको अभिलेख:</u>** (१) नयाँ जातको बीउ बिजन अनुमोदन, उन्मोचन र दर्ता भएपछि जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिले अनुसूची-२ बमोजिमको ढाँचामा सो को अभिलेख राख्नु पर्नेछ ।

(२) नयाँ जातको बीउ बिजन अनुमोदन, उन्मोचन र दर्ता भएपछि जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिले सम्बन्धित प्रजनकलाई अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइ सोको अभिलेख राख्नु पर्नेछ ।

(३) एक पटक सूचित गरेको बीउ बिजनको जात पछि उपयुक्त वा आवश्यक छैन भन्ने देखिएमा त्यस्ता बीउ बिजनको जातलाई सूचित बीउ बिजनको अभिलेखबाट हटाउन परेमा सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१४. **स्वामित्वको अधिकारः** (१) कुनै प्रजनकले आफूले प्रजनन् वा छनौट गरेको नयाँ जातको बीउ बिजनको स्वामित्वको अधिकार प्राप्त गर्न चाहेमा अनुसूची-४ को ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि त्यस्ता बीउ बिजनको उपयोगिता र महत्व समेतलाई विचार गरी समितिले त्यसको स्वामित्वको अधिकार सम्बन्धित प्रजनकलाई अनुसूची-५ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(३) दुई वा दुई भन्दा बढी प्रजनकले एउटै प्रकारको नयाँ जातको बीउ बिजन प्रजनन वा छनौट गरेमा वा गरेको प्रमाणित भएमा जसको निवेदन र बीउ बिजन पहिले दर्ता भएको छ उसैलाई स्वामित्वको अधिकार प्रदान गरिनेछ ।

## परिच्छेद—४

## केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तथा बीउ बिजन गुणस्तर सम्बन्धी व्यवस्था

१५. **केन्द्रको अन्य काम, कर्तव्य र अधिकारः** केन्द्रको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) बीउ बिजन प्रमाणीकरणको लागि क्षेत्रीयस्तरका बीउ बिजन परीक्षण प्रयोगशालाहरु मार्फत बीउ बिजन प्रमाणीकरण तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ख) बीउ बिजनको गुणस्तर सम्बन्धी विवादको समाधानका लागि गुणस्तर निर्धारण तथा व्यवस्था उपसमिति समक्ष पेश गर्ने,

(ग) क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशालाहरुबाट प्रमाणीकरण गरी लगाईएको गुणस्तर संकेतपत्रको अभिलेख राख्ने,

(घ) बीउ बिजन बिक्री वितरणको लागि यथार्थ संकेतपत्र अनिवार्य रुपमा राख्न लगाउने,

(ङ) बीउ बिजन व्यवसायीहरुलाई अभिमुखीकरण तालिम दिने,

(च) बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक र बीउ बिजन विश्लेषकलाई अनुमतिपत्र दिने परीक्षा सञ्चालन गर्ने,

(छ) बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक र बीउ बिजन विश्लेषकलाई समितिले दिएको अनुमतिपत्रको लगत राख्ने,

(ज) बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक र बीउ बिजन विश्लेषकहरुलाई तालिम दिने,

(झ) आवश्यक शर्त तोकी मूल बीउ उत्पादन एवं जातिय विकास तथा सम्बर्धन गर्नका लागि निजी क्षेत्रलाई समेत सहभागी गराउने,

(ञ) पैठारी गरेको र अनुमोदन, उन्मोचन तथा सूचित नभएका रैथाने एवं स्थानीय जातको बीउ बिजनको बिक्री वितरण तथा निर्यातमा बीउ बिजनको गुणस्तर नियमन गर्ने,

(ट) अनुमतिपत्र प्राप्त बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको कार्यको अनुगमन गरी समितिमा प्रतिवेदन पेश गर्ने,

(ठ) बीउ बिजन परीक्षण प्रयोगशालाहरुको सुपरीवेक्षण तथा अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(ड) प्रजनकलाई प्रदान गरिएको स्वामित्व अधिकारको लगत राख्ने,

(ढ) बाली निरीक्षक तथा बीउ बिजन नमूना सङ्कलकले दिएको सूचनाको अभिलेख राख्ने,

(ण) बीउ बिजन सम्बन्धी सेवा वापतको शुल्क लिने,

(त) समितिबाट अनुमोदन, उन्मोचन, भई दर्ता भएका सूचित जातहरुको गुणस्तर प्रमाणीकरण गर्ने गराउने,

(थ) आवश्यकता अनुसार बीउ बिजन प्रमाणीकरण गर्ने प्रयोजनको लागि बाली निरीक्षकलाई बाली निरीक्षण गर्न लगाउने,

(द) समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने गराउने ।

१६. **बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरणः** (१) केन्द्रले बीउ बिजनको गुणस्तर नियन्त्रण सम्बन्धमा यथार्थ संकेतपत्र वा बीउ प्रमाणीकरण पद्धति अवलम्बन गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको यथार्थ संकेतपत्र पद्धति अनुसार बीउको स्तरहरु देहाय बमोजिम हुनेछः—

(क) प्रजनन बीउ

(ख) श्रोत बीउ

(ग) लेवल बीउ

(घ) उन्नत बीउ

(३) उपनियम (१) बमोजिमको बीउ प्रमाणीकरण पद्धति अनुसार बीउको स्तरहरु देहाय बमोजिम हुनेछः—

(क) प्रजनन बीउ

(ख) मूल बीउ

(ग) प्रमाणीत बीउ

(घ) उन्नत बीउ

(४) गुणस्तर नियन्त्रण गरीएका बीउ बिजनको म्याद देहाय बमोजिम हुनेछः—

(क) सुरक्षितसाथ भण्डारण गरेको खण्डमा बीउ बिजनको गुणस्तरको म्याद परीक्षण गरेको मितिले छ महिनासम्म,

(ख) बीउको गुणस्तरको म्याद थप गर्नु पर्दा बीउ परीक्षणबाट उपयुक्त देखिएमा त्यस्तो बीउ बिजनको म्याद छ महिनासम्म ।

## परिच्छेद—५

## बीउ बिजन सूचित सम्बन्धी व्यवस्था

१७. **बीउ बिजन सूचित गर्नुपर्नेः** कृषि अनुसन्धान प्रयोजनको लागि बाहेक बीउ बिजन आयात गरी बिक्री वितरण गर्नु अघि वा नेपालभित्र उत्पादन भईरहेको तर सूचित नभएका बीउ बिजन बिक्री वितरण वा निकासी गर्नु अघि सूचित गर्नु पर्नेछ ।

१८. **सूचित बीउ बिजनको निकासी वा पैठारीः** (१) कसैले यस नियमावली बमोजिम सूचित बीउ बिजनको निकासी तथा पैठारी गर्न चाहेमा पाँचसय रुपैयाँ दस्तुर तिरी अनुसूची-६ बमोजिमको ढाँचामा केन्द्रमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनमा केन्द्रले सूचित बीउ बिजन निकासी वा पैठारी गर्न उपयुक्त छ छैन जाँच बुझ गरी उपयुक्त देखिएमा अनुसूची-७ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(३) सूचित बीउ बिजनको निकासी वा पैठारी गर्दा अनुसूची-८ बमोजिमको विवरण समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) यस नियममावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा प्राकृतिक प्रकोप परेको अवस्थामा वा पैठारी गरीने बीउ बिजनको कारणले मानव, पशु, पन्छी तथा बिरुवाको स्वास्थ्य वा धार्मिक, सास्कृतिक तथा वातावरणमा प्रतिकूल प्रभाव पार्ने देखिएमा त्यस्ता बीउ बिजनको पैठारी गर्नु पर्दा समितिको स्वीकृति लिनु पर्नेछ ।

१९. **सूचित बीउ बिजनको बिक्री वितरणका लागि अनुमतिपत्रः** (१) कुनै व्यक्ति वा संस्थाले सूचित बीउ बिजनको बिक्री वितरण सम्बन्धी कारोवार गर्न चाहेमा अनुमतिपत्रको लागि चारसय रुपैंयाँ दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयले अनुसूची-१० बमोजिमको ढाँचामा अनुमतिपत्र दिई सोको जानकारी केन्द्रमा पठाउनु पर्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियममावली लागू हुनुभन्दा अघि दर्ता भएका बीउ बिजन व्यवसायीहरु यसै नियमावली बमोजिम दर्ता भएका मानिने छन् ।

२०. **अनुमतिपत्र नवीकरणः** (१) नियम १९ को उपनियम (२) बमोजिमको अनुमतिपत्र दुई वर्षसम्म बहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित कार्यालयबाट दुईसय रुपैयाँ दस्तुर तिरी अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि कसैले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण सहित अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन आएमा थप छ महिनासम्मको लागि सम्बन्धित कार्यालयले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा एकसय रुपैयाँ थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ ।

(४) यस नियममा जुनसुकै कुरा लेखिएको भए पनि म्याद भित्र नवीकरण नगराईएमा नवीकरण हुन नसकेको मनासिव कारण देखाई निवेदन दिएमा सोको लागि लाग्ने दस्तुरको अतिरिक्त प्रत्येक वर्षको लागि दुईसय रुपैयाँका दरले दस्तुर लिई सम्बन्धित कार्यालयले त्यस्तो अनुमतिपत्र नवीकरण गरी दिन सक्नेछ ।

२१. **बीउ बिजन राखेको भाँडोमा संकेतपत्र सम्बन्धमाः** सूचित बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्था आफूले बिक्री वितरण गर्ने बीउ राखेको भाँडोमा ऐनको दफा १३ मा उल्लेखित विवरणहरुको अतिरिक्त देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः—

(क) उत्पादन वर्ष,

(ख) बीउ बिजनको परीक्षणको मिति,

(ग) लट नं.,

(घ) बीउ बिजन उपयुक्त हुने क्षेत्र,

(ङ) बीउ बिजनको तौल,

(च) बीउ बिजन बिक्री वितरण गर्ने व्यक्ति वा संघ सस्थाको नाम, लोगो र दस्तखत ।

## परिच्छेद—६

## बीउ बिजन परीक्षण प्रयोगशाला अनुमतिपत्र र नवीकरण सम्बन्धी व्यवस्था

२२. **प्रयोगशाला स्थापना र सञ्चालन अनुमति सम्बन्धमाः** (१) निजी क्षेत्रमा बीउ बिजनको प्रयोगशाला स्थापना र सञ्चालन गर्न देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः—



नेपाल कानून आयोग

(क) नीजि क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहने कुनै पनि व्यक्ति वा संस्थाले अनुमतिको लागि अनुसूची-११ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिने,

(ख) खण्ड (क) बमोजिमको निवेदन साथ केन्द्रमा दुई हजार रुपैंयाँ दस्तुर बुझाएको रसिद संलग्न राख्नु पर्ने,

(ग) खण्ड (क) बमोजिम निवेदन दिदा अनुसूची-११ मा उल्लेखित मेशिनरी उपकरण, रसायन, जनशक्ति तथा भौतिक पूर्वाधारहरु पुरा गरेको हुनु पर्ने,

(२) उपनियम (१) बमोजिमको प्रकृया पुरा भएमा समितिले प्रयोगशाला सञ्चालनको लागि अनुसूची-१२ बमोजिमको अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र प्राप्त प्रयोगशालाले प्रयोगशाला सञ्चालनको क्रममा अनुमतिपत्रमा उल्लेखित शर्तहरु पालना नगरेको पाइएमा समितिले त्यस्तो प्रयोगशालाको अनुमतिपत्र रद्द गरी अनुसूची-१३ बमोजिमको सूचना दिनु पर्नेछ ।

२३. <u>**अनुमतिपत्रको नवीकरणः**</u> (१) नियम २२ बमोजिम प्रयोगशालालाई प्रदान गरिएको अनुमतिपत्र एक वर्षसम्म बहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतीस दिनभित्र एकहजार रुपैयाँ दस्तुर तिरी प्रयोगशालाले अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि नवीकरण हुन नसकेको मनासिव कारण सहित कसैले अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन आएमा थप छ महिनासम्मको लागि उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा एक हजार रुपैयाँ थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

२४. **<u>केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार:</u>** केन्द्रिय बीउ बिजन परिक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) अन्तर्राष्ट्रिय बीउ परीक्षण संस्थाबाट पारित कार्यविधिको आधारमा बीउ बिजन परीक्षण सम्बन्धी कार्यविधि तयार गर्ने,

(ख) नेपाल सरकारले तोके बमोजिमको सेवा शुल्क लिई बीउ बिजनका नमूनाहरुको शुद्धता, उम्रने शक्ति, चिस्यान, स्वस्थ र ओजस परीक्षण गर्ने,

(ग) खण्ड (ख) बमोजिम परीक्षणको नतिजा समयमा नै सम्बन्धित पक्षलाई अनुसूची-१४ बमोजिमको ढाँचामा उपलव्ध गराउने,

(घ) बीउ बिजनका नमूनाहरुको विश्लेषण प्रतिवेदन अद्यावधिक राख्ने,

(ङ) बीउ बिजन परीक्षण प्रयोगशालाको कार्यमा एकरुपता कायम गर्न प्रयोगशालामा मध्यस्थ नमूना (प्रोफिसियन्सी स्याम्पल) पठाउने,

(च) परीक्षणको लागि प्राप्त नमूनाको गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बीउ बिजनको गुणस्तरमा असर नपर्ने गरी सुरक्षित साथ भण्डार गर्ने,

(छ) समिति र केन्द्रबाट प्राप्त निर्णय, सुझाव तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

२५. **<u>क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार:</u>** क्षेत्रीय बीउ बिजन परिक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) नेपाल सरकारले तोके बमोजिमको सेवा शुल्क लिई बीउ बिजनका नमूनाहरु परीक्षण गर्ने,

(ख) खण्ड (क) बमोजिमका नमूना परीक्षण गरी अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित पक्षलाई नतिजा उपलव्ध गराउने,

(ग) नेपाल सरकारले तोकेबमोजिमको सेवा शुल्क लिई बीउ बिजन प्रमाणीकरण गर्ने,

(घ) खण्ड (ग) बमोजिम भएको प्रमाणीकरणको अभिलेख अद्यावधिक गरी केन्द्रमा जानकारी पठाउने,

(ङ) बीउ प्रमाणीकरण संकेतपत्र (ट्याग) को माग अग्रीम रुपमा केन्द्रमा पठाउने,

(च) नेपाल सरकारले तोके बमोजिमको सेवा शुल्क लिई नमूना सङ्कलकबाट प्राप्त बीउ बिजनका नमूनाहरु परीक्षण गर्ने,

(छ) खण्ड (च) बमोजिम प्राप्त नमूना परिक्षणको नतिजा छिटो साधनद्वारा नमूना सङ्कलकलाई जानकारी गराउने,

(ज) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले पठाएको मध्यस्थ नमूना निर्धारित समयभित्र परीक्षण गरी प्रतिवेदन पठाउने,

(झ) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले दिएको सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ञ) प्रयोगशालामा प्राप्त नमूना मध्ये कम्तीमा दश प्रतिशत नमूनाहरु केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालामा परीक्षणका लागि पठाउने,

(ट) गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बीउको गुणस्तर कायम रहने गरी सुरक्षित साथ भण्डार गर्ने,

(ठ) समिति र केन्द्रबाट प्राप्त सुझाव तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

२६. **अन्य सरकारी प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** अन्य सरकारी प्रयोगशालाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) नेपाल सरकारले तोके बमोजिमको सेवा शुल्क लिई बीउ बिजनका नमूनाहरु परीक्षण गर्ने,

(ख) परीक्षण नतिजा अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित पक्षलाई उपलब्ध गराउने,

(ग) प्रयोगशालामा प्राप्त नमूनाहरु मध्ये कम्तीमा दश प्रतिशत नमूनाहरु केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालामा परीक्षणका लागि पठाउने,

(घ) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले पठाएको मध्यस्थ नमूना समयभित्र परीक्षण गरी प्रतिवेदन पठाउने,

(ङ) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले दिएको प्राविधिक सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(च) गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बीउको गुणस्तर कायम रहने गरी सुरक्षित साथ भण्डार गर्ने,

(छ) समिति र केन्द्रबाट प्राप्त सुझाव तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

२७. **<u>नीजि क्षेत्रका बीउ बिजन परीक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकारः</u>** निजी क्षेत्रका बीउ बिजन परिक्षण प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) समितिले स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिई बीउ बिजनका नमूनाहरु परीक्षण गर्ने,

(ख) परीक्षणको नतिजा अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित पक्षलाई उपलव्ध गराउने,

(ग) प्रयोगशालामा प्राप्त नमूनाहरु मध्ये कम्तीमा दश प्रतिशत नमूनाहरु केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालामा परीक्षणका लागि पठाउने,

(घ) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले पठाएको मध्यस्थ नमूना परीक्षण गरी प्रतिवेदन पठाउने,

(ङ) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाबाट प्राप्त प्राविधिक विषयको सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(च) गार्ड स्याम्पल परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बीउको गुणस्तर कायम रहने गरी सुरक्षित साथ भण्डार गर्ने,

(छ) बीउ बिजन परीक्षण प्रयोगशाला सञ्चालनको सम्बन्धमा अनुमतिपत्रमा तोके बमोजिमको शर्तहरु पालना गर्ने,

(ज) समिति र केन्द्रले दिएका सुझाव तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद–७

## बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक, तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था

२८. **बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक, तथा बीउ बिजन विश्लेषकः** बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक, तथा बीउ बिजन विश्लेषकको योग्यता देहाय बमोजिम हुनेछः—

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कृषिमा स्नातक उत्तीर्ण गरेको वा कृषिमा प्रमाणपत्र तह उत्तीर्ण गरी बीउ बिजन उत्पादनमा कम्तीमा दश वर्ष अनुभव भएको,

(ग) समितिबाट लिइने परीक्षा उत्तीर्ण भएको,

(घ) खण्ड (ख) बमोजिम योग्यता पुगेको निजामति कर्मचारी भए निज सेवारत कार्यालयको स्वीकृति ।

२९. **अनुमतिपत्र सम्बन्धमाः** (१) ऐनको दफा १६ बमोजिम समितिले बाली निरीक्षण, बीउ बिजन नमूना सङ्कलन तथा बीउ बिजन विश्लेषण गर्नका लागि देहाय बमोजिमको विबरण सहित राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरी निवेदन माग गर्नेछः—

(१) नागरिकताको प्रमाणपत्र,

(२) योग्यता,

(३) सरकारी कार्यालयमा कार्यरत भए सम्बन्धित कार्यालयको स्वीकृती,

(४) परीक्षाको किसिम,

(५) परीक्षा दस्तुर,

(६) अन्य आवश्यक विवरणहरु ।

(२) बाली निरीक्षण, बीउ बिजन नमूना सङ्कलन तथा बीउ बिजन विश्लेषण सम्बन्धी व्यवसाय सञ्चालन गर्न चाहनेले अनुमतिपत्रको लागि उपनियम (१) बमोजिम समिति समक्ष निवेदन दिनु पर्नेछ ।

३०. **अनुमतिपत्रको लागि परीक्षा लिने:** (१) बाली निरीक्षण, बीउ बिजन नमूना सङ्कलन तथा बीउ बिजन विश्लेषण गर्ने अनुमतिपत्रको लागि समितिले परीक्षा लिनेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षा सम्बन्धी कार्यविधि समितिले निर्धारण गर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिईने परीक्षा दस्तुर तीन सय रुपैयाँ हुनेछ ।

(४) अनुमतिपत्रको लागि अनुसूची-१५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(५) समितिले प्रत्येक विषयको लागि तीन सय रुपैयाँ दस्तुर लिई अनुसूची-१६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

३१. **अनुमतिपत्र नवीकरण:** (१) नियम ३० को उपनियम (५) बमोजिम प्रदान गरिएको अनुमतिपत्र दुई वर्षसम्म बहाल रहनेछ ।

(२) अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र केन्द्रमा एकसय रुपैंयाँ दस्तुर तिरी अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि कसैले नवीकरण हुन नसकेको मनासिव कारण सहित अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन आएमा थप तीन महिनासम्मको लागि केन्द्रले उपनियमा (२) बमोजिम लाग्ने दस्तुरमा तीनसय रुपैयाँ थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ ।

(४) उपनियम (३) मा उल्लेखित समयावधि भित्र पनि नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

३२. **<u>बाली निरीक्षकको काम कर्तव्य तथा अधिकारः</u>** बाली निरीक्षकको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः—

(क) बीउ बालीको खेत तथा बीउ संकलन प्रक्रियाहरुको निरीक्षण गरी प्रतिवेदन तयार गर्ने,

(ख) बीउ बिजन व्यवसायीको अनुमतिपत्र तथा बीउ बजारको अनुगमन गर्ने,

(ग) खण्ड (ख) बमोजिम अनुगमन गर्दा अनुमतिपत्र नलिई बीउ बिजन व्यवसाय सञ्चालन गरेको पाइएमा वा सूचित नभएको बीउ बिजन विक्रि वितरण गरेको पाइएमा त्यसको जानकारी सम्बन्धित कार्यालय तथा नमूना सङ्कलकलाई दिनु पर्नेछ,

(घ) खण्ड (ग) बमोजिम कार्यालयको अधिकृत प्रतिनिधि वा नमूना सङ्कलकको रोहवरमा कम्तीमा दुई जना सर्वसाधारणको उपस्थितिमा अनुसूची-१७ बमोजिमको ढाँचामा  मुचुल्का उठाइ ऐन तथा यस नियममावलीको अधिनमा रही त्यस्ता बीउ बिजन जफत गर्नु पर्नेछ,

(ङ) खण्ड (घ) बमोजिम बीउ बिजन जफत गर्दा सर्वसाधारणको उपस्थिति हुन नसक्ने परिस्थिति भएमा वा उपस्थित हुन नमानेमा सो व्यहोरा उल्लेख गरी बीउ बिजन जफत गर्नु पर्नेछ,

(च) खण्ड (घ) बमोजिम बीउ बिजन जफत गर्दा अनुसूची-१८ बमोजिमको ढाँचामा  सम्बन्धित बीउ बिजन बिक्रेतालाई सूचना दिई सोको जानकारी स्थानीय प्रशासन, कार्यालय, क्षेत्रीय कृषि निर्देशनालय, बीउ बिजन नमूना सङ्कलक, क्षेत्रीय बीउ बिजन परिक्षण प्रयोगशाला तथा समितिको सदस्य सचिवलाई दिनु पर्नेछ,

(छ) खण्ड (च) बमोजिम सूचना दिई जफत गरेको बीउ बिजन नमूना सङ्कलकको रोहवरमा सम्बन्धित कार्यालयमा अनुसूची-१९ बमोजिमको ढाँचामा  बुझाई सोको जानकारी बीउ बिजन बिक्रेता, स्थानीय प्रशासन, क्षेत्रीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास

कार्यालय, नमूना सङ्कलक, क्षेत्रीय बीउ बिजन प्रयोगशाला तथा समितिको सदस्य सचिवलाई दिनु पर्नेछ,

(ज) खण्ड (घ) बमोजिम जफत गरिएको बीउ बिजन कार्यालयले तोकिए बमोजिमको प्रकृया अपनाई नष्ट गर्नु पर्नेछ ।

३३. **बीउ बिजन नमूना सङ्कलकको काम, कर्तव्य र अधिकारः** बीउ बिजन नमूना सङ्कलकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) बिक्री वितरण भैरहेको वा बिक्री वितरणको लागि राखिएको बीउ बिजनको भाँडामा संकेतपत्र र सोको विवरणहरु ठीक भए नभएको हेर्ने,

(ख) बिक्री वितरण भइरहेको बीउ बिजन सूचित भए नभएको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) बीउ व्यवसायीसँग अनुमतिपत्र भए नभएको जाँच गर्ने,

(घ) ऐनको दफा १३ को उपदफा १३.२ बमोजिम बीउ बिजन, बिक्री वितरण भए नभएको निरीक्षण गर्ने,

(ङ) खण्ड (ख) र (ग) बमोजिम अनुगमन, निरीक्षण तथा जाँच गर्दा बीउ व्यवसायीले कृषि अनुसन्धानको प्रयोजनको लागि बाहेक सूचित नभएका बीउ बिजन बिक्री वितरण गरेको वा अनुमतिपत्र नलिई बीउ बिजन व्यवसाय सञ्चालन गरेको पाईएमा तत्काल बाली निरीक्षकलाई छिटो माध्यमद्धारा खबर गर्नु पर्नेछ,

(च) खण्ड (क) बमोजिम निरीक्षण गरी बीउ बिजनको गुणस्तर यकिन गर्न तोकिए बमोजिमको प्रक्रिया अपनाई नमूना लिई सम्बन्धित क्षेत्रीय बीउ बिजन परिक्षण प्रयोगशालामा परीक्षण गर्न पठाउने,

(छ) बीउ बिजन नमूना सङ्कलकले निरीक्षण गर्दा उपयुक्त नदेखिएमा वा परीक्षण पश्चात बीउ बिजनको गुणस्तर उपयुक्त नपाइएमा वा ऐन र नियमावली विपरीत कुनै काम कारबाही भए गरेको पाइएमा

सम्बन्धित जिल्लाको सरकारी वकीलको राय लिइ अनुसूची-२० बमोजिमको ढाँचामा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने ।

३४. **<u>बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः</u>** बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) नेपाल सरकार वा समितिले स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिइ बीउ बिजनका नमूनाहरु परीक्षण गरी अनुसूची-१४ बमोजिमको ढाँचामा सम्बन्धित पक्षलाई नतिजा उपलव्ध गराउने,

(ख) प्रयोगशालामा प्राप्त नमूनाहरुमध्ये कम्तीमा दश प्रतिशत नमूनाहरु तोके बमोजिम केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालामा पठाउने,

(ग) केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले पठाएको मध्यस्थ नमूना परीक्षण गरी प्रतिवेदन पठाउने,

(घ) परीक्षणको लागि प्राप्त गार्ड नमूना परीक्षण पश्चात कम्तीमा एक वर्षसम्म बीउको गुणस्तर कायम रहने गरी सुरक्षित साथ भण्डार गर्ने,

(ङ) बीउ बिजन परीक्षण सम्बन्धमा समिति, केन्द्रीय बीउ बिजन परीक्षण प्रयोगशालाले दिएको सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने ।

## परिच्छेद—८

## <u>विविध</u>

३५. **<u>कार्य गर्न सक्नेः</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्र र सरकारी प्रयोगशालामा कार्यरत प्राविधिक अधिकृतहरुलाई गुणस्तर नियन्त्रण गर्ने प्रयोजनको लागि बाली निरीक्षक भई बाली निरीक्षण गर्न, बीउ बिजन नमूना संकलक भई कार्य गर्न तथा बीउ बिजन विश्लेषक भई बीउ बिजन परीक्षण गर्न कुनै पनि बाधा पर्ने छैन ।

३६. **क्षतिपूर्ति सम्बन्धमाः** (१) कसैले बिक्री वितरण गरेको बीउ बिजनको गुणस्तर र गलत सूचनाको कारणले कसैलाई आर्थिक हानी नोक्सानी पुग्न गएमा मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सिफारिसको आधारमा सम्बन्धित पक्षले कृषकलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको हानी नोक्सानीको मूल्याङ्कन गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछः—

(क) केन्द्रको प्रमुख - संयोजक

(ख) कार्यालयको वरिष्ठ कृषि विकास अधिकृत - सदस्य

(ग) नेपाल कृषि अनुसन्धान परिषद्को वैज्ञानिक - सदस्य

(घ) राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड वा नेपाल बीउ व्यवसायी सङ्घ मध्येबाट समितिले तोकेको एक जना - सदस्य

(ङ) सम्बन्धित गाउँ विकास समिति/ नगरपालिका वा निजको प्रतिनिधि - सदस्य

३७. **मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन र निय मावली बमोजिमको मुद्दा हेर्ने, मुद्दाको कारबाही किनारा गर्ने अधिकार सम्बन्धित कार्यालय प्रमुखलाई हुनेछ ।

(२) मुद्दा दायर गर्दा अनुसूची-२० र मुद्दा किनारा गर्दा अनुसूची-२१ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुँदाका बखत क्षेत्रीय कृषि निर्देशनालयमा दायर भै छिन्न बाँकी रहेका मुद्दाहरू यो नियमावली प्रारम्भ भएपछि जुन जिल्लासँग सम्बन्धित छन् सोही जिल्लाको जिल्ला कृषि विकास कार्यालयमा सर्ने छन् ।

३८. **पुनरावेदन सम्बन्धी व्यबस्थाः** (१) मुद्दा हेर्ने अधिकारीको निर्णयमा चित्त नबुझे फैसला भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित क्षेत्रिय कृषि निर्देशक समक्ष अनुसूची-२२ बमोजिमको ढाँचामा पुनरावेदन दिन सक्नेछ ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम दायर भएको पुनरावेदन सम्बन्धी मुद्दाको कारबाही पुनरावेदन भएको मितिले तीन महिनाभित्र किनारा गरी सक्नु पर्नेछ ।

(३) मुद्दाको पुनरावेदन उपर भएको कारबाहीको जानकारी सम्बन्धित पक्षलाई अनुसूची-२३ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

**३९. निर्देशिका बनाउने अधिकारः** समितिले ऐन र यस नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ र त्यस्तो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

**४०. अनुसूचीमा हेरफेर तथा थपघटः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**४१. खारेजी र बचाउः** (१) बीउ बिजन नियमावली, २०५४ खारेज गरिएकोछ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

## अनुसूची-१

## (नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

खण्ड (क)

बीउ बिजनको नयाँ जातको अनुमोदन, उन्मोचनका लागि पेश गर्ने निवेदन

श्री जात, अनुमोदन, उन्मोचन र दर्ता उपसमिति,

..........................................................................................................

विषयः जात उन्मोचन गराई पाउँ ।

मैले/हामीले तल उल्लेखित नयाँ जातको बीउ बिजन प्रजनन/छनौट गरेकोले हुनाले उक्त जातको बीउ बिजनको दर्ता/उन्मोचन स्वीकृतिको लागि यो निवेदन प्रस्तुत गरेको छु/गरेका छौं ।

प्रस्तावित नामः

१. पृष्ठभूमिः

२. सामान्य जानकारीः

२.१ चलनचल्तीको नामः

२.२ वानस्पतिक नामः

२.३ वास्तविक नाम/परीक्षण गर्दा प्रयोग गरिएको सांकेतिक नामः

२.४ वंश विवरणः

२.५ पुर्खा (प्रजननमा भाले र पोथी पुर्खाको रुपमा प्रयोग गरीएका जातहरु)[१]

२.६ उद्गम देशः

२.७ सामाग्री स्रोत (संस्था,कृषक, कृषक समुदाय परीक्षणको नाम र यो सर्वप्रथम प्रयोगमा ल्याईएको वर्ष, आदि)

२.८ नेपालमा जातको परीक्षण गरिएको स्थान र वर्षः

| वर्ष | परीक्षण | स्थान | स्रोत/सन्दर्भहरु[२] |
|---|---|---|---|
| | | | |
| | | | |

२.९ कृषकहरुको खेतवारीको परीक्षण (फार्मर्स फिल्ड ट्रायल), सहभागितात्मक जाँच सुत्रांक सुचक र सरोकारवालाहरुको प्राथमिकताः[३]

| वर्ष | प्रयोग जाँच | अवस्थित | सरोकारवालाहरुको अभिरुचिका प्रमुख गुणहरु[४] | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | |
| | | | | | | | |

२.१० सरोकारवालाहरुको समग्र प्राथमिकताः

३. बिरुवाका किसिमका लक्षणहरुको छोटकरी विवरणः

३.१ बाली सम्पादन गुणहरु[५] (एग्रोनोमिक ट्रेट्स)

३.१.१. बिरुवाको उचाई (से.मी.):

३.१.२. रोपेको दिन देखि फूल फुल्न लाग्ने समयः

३.१.३. रोपेको दिन देखि बाली पाक्न लाग्ने समयः

३.१.४. उब्जनी हुने (के.जी/हेक्टर):

३.१.५. उब्जनी अव्यव (गाँजको संख्या, दानाको संख्या, दानाको तौल, आदि)

३.२ बालीको बिषम परिस्थिति (बर्णन गर्नुहोस):

३.२.१. जैविक विषमता प्रतिको प्रतिक्रियाः

(क) कीरा फटयांग्रा

(ख) रोगहरु

(ग) झारपात (केही छन् भने)ः

३.२.२. पराजैविक विषमता प्रतिको प्रतिक्रियाः

३.३. बालीको आर्थिक महत्व राख्ने भागहरुको गुणस्तर[६]

३.३.१. पोषणिक गुणस्तर

३.३.२. प्रशोधन गुणस्तर

३.३.३. रसायनिक परिवर्तन जाँच (पाक गुणस्तर, स्वाद, बास्ना इत्यादि)

३.३.४. अन्य बिशेष गुण (केही भए)

३.४ अन्य चारित्रिक गुणहरु (झाँटिने, भण्डारण क्षमता, बजार संभावना, आदि)

४. वाह्य आवरण सम्बन्धी चारित्रिक गुणहरु (मर्फोलोजिकल ट्रेट्स) (आयतन, आकार, रंग, आदि)

४.१ कुनै पनि बालीको जातको प्रमाणीकता छुट्याउन सकिने बिशेष चारित्रिक गुणहरु ।

४.२ शुक्ष्मकणीय चारित्रिक गुणहरु (मलिकुलर ट्रेट्स) (यदि उपलब्ध छन् भने) ।

५. सिफारिस क्षेत्रः

५.१ कृषि पर्याबरणीय क्षेत्र (तराई, पहाड, हिमाल, आदि)ः

५.२ चिस्यानको उपलब्धता (सिंचित, अर्ध सिंचित, बर्षाको पानीमा आधारित)ः

५.३ बाली लगाउने समय र अवस्था (उदाहरणको लागि ढाव, खोरिया आदि)ः

५.४ बाली चक्रः

५.५ उत्पादन र व्यवस्थापन पक्ष (यो जातको बाली व्यवस्थापन पक्ष सोही बालीको अन्य जातको बालीः व्यवस्थापन पक्ष भन्दा फरक भए विस्तृतरुपमा उल्लेख गर्नुहोस)ः

५.६ आर्थिक विश्लेषणः

५.७ उन्मोचनको कारणः

नेपाल कानून आयोग

६. बीउ बिजन आपूर्ति व्यवस्थाः

| सि.नं. | बीउको किसिम | उपलब्ध परीमाण (के.जी) | कहाँ प्राप्त हुन्छ | सम्बन्धित व्यक्ति/संस्था |
|---|---|---|---|---|
| १ | प्रजनन् बीउ (ब्रिडर सीड) | | | |
| २ | मुल बीउ (फाउन्डेशन सीड) | | | |
| ३ | अन्यस्तरका बीउ बिजन | | | |

नेपाल कानून आयोग

<u>प्रस्तावक</u>

सहीः

नामः

दर्जाः

संस्थाको नामः

टेलिफोन नं.ः

फ्याक्स नं.ः

इमेलः

वेवसाईट (आवश्यकता परेमा)ः

**खण्ड (ख)**

**(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)**

**बालीको जातको सम्बन्धमा राष्ट्रिय बाली लगतमा दर्ताको लागि पेश गर्ने निवेदन**

श्री जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति,

.............................................................................................................

विषयः बालीका जातहरु दर्ता गराई पाउँ।

मैले/हामीले तल उल्लेखित नयाँ जातको बीउ/विजन प्रजनन् गरेको/छनोट गरेकोले उक्त जातको बीउ बिजनलाई बालीको जातहरुको राष्ट्रिय सुचीमा दर्ता गरी दिनु हुन यो निवेदन प्रस्तुत गरेको छु/गरेका छौं ।

प्रस्तावित नामः

१. पृष्ठभुमिः

२. सामान्य सूचनाः

२.१ चलन चल्ती र वानस्पतिक नामः

२.२ बास्तविक नाम/परीक्षण गर्दा प्रयोग गरिएको सांकेतिक नामः

२.३ वंश विवरणः

२.४ उद्गम देशः

२.५ प्रविधि विकास गर्न प्रयोग गरिएको पद्धतिः

२.६ सामाग्री स्रोत (संस्था, कृषक समुदाय, परीक्षणको नाम र यो सर्वप्रथम प्रयोगमा ल्याईएको वर्ष):

२.७ अनुसन्धान कर्ताले तर्जुमा गरी अनुसन्धान कर्ताले नै व्यवस्थापन गरेको कम्तीमा पनि दुई ऋतुको परीक्षणको तथ्यांङ्क वा अनुच्छेद २.८ मा उल्लेखित तथ्यांङ्क पेश गर्नु पर्नेछ ।

| वर्ष | परीक्षण | स्थान | स्रोत/सन्दर्भहरु |
|---|---|---|---|
| | | | |
| | | | |

२.८ कृषकहरुको खेतवारीको परीक्षण सहभागितामूलक तथ्याङ्क/सूचना (गुणात्मक र परिमाणात्मक) र सरोकारवालाहरुको प्राथमिकताहरुबाट लिईएको तथ्याङ्कः[१]

| सि.नं. | वर्ष | प्रयोग जाँच | अवस्थिती | सरोकारवालाहरुको अभिरुचिका प्रमुख गुणहरु[२] | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | | |
| | | | | | | | | |

२.९ सरोकारवालाहरुको समग्र प्राथमिकताः

३. जातिय गुणको छोटकरी विवरणः

३.१. बाली सम्पादन गुणहरु (एग्रोनोमिक ट्रेट्स)[३]

३.१.१. बिरुवाको उचाई (से.मी)

३.१.२. रोपेको दिनदेखि फूल फुल्न लाग्ने समयः

३.१.३. रोपेको दिनदेखि बाली पाक्न लाग्ने समयः

३.१.४. उब्जनी हुने (के.जी./हेक्टर)

३.१.५. उब्जनीको अवयव (उदाहरणः गाँजको संख्या, दानाको संख्या, दानाको तौल, आदि)

३.२ बालीको आर्थिक रुपमा महत्वपूर्ण भागको गुणस्तरः[४]

३.२.१. भौतिक गुण (साईज, आकार, रंग, आदि)

३.२.२. प्रशोधन

३.२.३. रसायनिक परिवर्तनको जाँच (पाक गुणस्तर, स्वाद, बास्ना, आदि)

३.२.४. अन्य बिशेष गुण (केही भए)

३.३. अन्य चारित्रिक गुण (झाँटिने, भण्डारण क्षमता, बजार सम्भावना, आदि)

४. जातिय पहिचानका लागि वाह्य आवरण सम्बन्धी विवरण (मर्फोलोजिकल ट्रेट्स) (आवश्यकता परेमा छुट्टै कागजको पाना प्रयोग गर्नुहोस)।

४.१. कुनै पनि बालीको जातको प्रमाणीकता छुट्याउन सकिने बिशेष चारित्रिक गुणहरुः

४.१. शुक्ष्मकणीय चारित्रिक गुणहरु (मलिकुलर ट्रेट्स) (उपलब्ध छन् भने)ः

५. सिफारिस क्षेत्रः

५.१ कृषि पर्यावरणीय क्षेत्र (तराई, पहाड, हिमाल, आदि)

५.२ चिस्यान उपलब्धता (सिंचित, अर्ध सिंचित, वर्षाको पानीमा आधारित)

५.३ बाली लगाउने समय र अवस्था (उदाहरणको लागि ढाव, खोरिया, आदि)

५.४ उत्पादन र व्यवस्थापन पक्ष (यो जातको बाली व्यवस्थापन पक्ष सोही बालीको अन्य जातको बाली व्यवस्थापन पक्ष भन्दा फरक भए बिस्तृतरुपमा उल्लेख गर्नुहोस)ः

५.५ बाली नालीको जातको राष्ट्रिय लगतमा सूचिकृत गर्नु पर्नाको कारणः

<u>प्रस्तावक</u>

सहीः

नामः

दर्जाः

संस्थाको नामः

पत्राचार गर्ने ठेगानाः

टेलिफोन नं.ः

फ्याक्स नं.ः

इमेलः



नेपाल कानून आयोग

वेवसाईटः

---

<u>द्रष्टब्यः</u>

१ सरोकारवाला भन्नाले कृषक, उपभोक्ता, प्रशोधन उद्योग, ब्यापारी, बीउ बिजन कम्पनी, एग्रोभेटहरुलाई बुझाउँछ ।

२ सरोकारवालाहरुको अभिरुचिको प्रमुख लक्षणहरुमा (१) बाली सम्पादन तथ्याङ्क (२) बिषम परिस्थिति सहने क्षमता (३) गुणस्तर (४) आर्थिक महत्व (५) अन्य (केहि भए बर्णन गर्नुहोस) पर्दछन् । अन्त्यमा परीक्षणको नतिजा विवरण संलग्न गर्नुहोस । यसमा केवल अनुसूचीका नम्बर उल्लेख गर्नुहोस ।

३ बालीको जात, जाति, प्रजाति पिच्छे त्यस्ता गुणहरु फरक हुन सक्छन् ।

४ आर्थिक रुपले महत्वपूर्ण बालीको प्रमुख भागहरुमा गेडा/दाना/पात/जरा/डाँठ/टुप्पो/वल्व/राइजोम/कोर्म/ट्युवर/डालो /रेशा इत्यादि पर्दछन ।

नेपाल कानून आयोग

**खण्ड (ग)**

**(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)**

**बिदेशबाट आयात गरीने बीउ बिजनहरुलाई दर्ता गर्न आयातकर्ताले पेश गर्ने निवेदन**

श्री जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति,

...........................................................................................

विषयः जात दर्ता गराई पाउँ ।

ऐनको दफा १५ मा उल्लेख भए अनुसार सूचित बीउ बिजन निकासी वा पैठारी गर्दा स्वीकृति लिनुपर्ने प्रावधान रहेको र सोही ऐनको दफा ११ (ख) अनुसार सूचित नभएका बीउ बिजन अनुसन्धान प्रयोजनको लागि बाहेक बिक्री वितरण गर्न समेत नपाईने हुँदा त्यस्ता सूचित नभएका बीउ बिजनहरु आयात गरी बिक्री वितरण गर्न सूचित गर्नु पर्ने भएकोले नियमानुसार आवश्यक विवरणहरु संलग्न राखी जात दर्ता एवं सूचित गरी दिनु हुन अनुरोध छ ।

दर्ता तथा सूचित गराउन चाहेको बीउ बिजनको विस्तृत विवरण:

१. बालीः

२. बानस्पतिक नामः

३. पुरानो नामः

४. नामाकरण गरेको नामः

५. क्रस र पेडिग्री (प्यारेन्ट)[1]

६. उद्‍गम देशः

७. सामाग्री स्रोत (संस्था, कृषक, कृषक समुदाय परिक्षणको नाम र यो सर्वप्रथम प्रयोगमा ल्याइएको वर्ष आदि):

८. अनुसन्धानकर्ताले तर्जुमा गरी अनुसन्धानकर्ताले नै व्यवस्थापन गरेको कम्तीमा पनि दुई ऋतुको परीक्षण तथ्यांक अनुच्छेद ८.१ र ९ मा उल्लेखित तथ्यांक पेश गर्नु पर्नेछ ।

८.१ नेपालमा जातको परीक्षण गरिएका स्थान र वर्ष[२]:

| सि.नं. | वर्ष | परीक्षण | स्थान | स्रोत/सन्दर्भहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

९. कृषकहरुको खेतबारीमा गरिएको सहभागितामूलक परीक्षणको तथ्याङ्क/सूचना (गुणात्मक, परिमाणात्मक) र सरोकारवालाहरुको प्राथमिकताहरुबाट लिइएको तथ्याङ्क[३]:

| सि.नं. | वर्ष | प्रयोग/जाँच | स्थान | सरोकारवालाहरुको अभिरुचिका प्रमुख गुणहरु[४] | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| | | | | | | | | |
| | | | | | | | | |

१०. बाली सम्पादन गुणहरु[५] (एग्रोनोमिक ट्रेट्स):

१०.१ वोटको उचाई (से.मी.):

१०.२ रोपेको दिन देखि फूल फुल्न लाग्ने दिनः

१०.३ पाक्ने दिनः

१०.४ उत्पादन के.जी./हे.:

१०.५ उब्जनीको अवयब (गांजको संख्या, दानाको संख्या, दानाको तौल, आदि):

१०.६ भौतिक गुण (आकार, आयतन, रंग, आदि):

११. बाह्य आवरण सम्बन्धी चारित्रिक गुणहरुः

१२. भौगोलिक क्षेत्रमा परीक्षण गरिएको तथ्याङ्कको आधारमा उपयुक्त क्षेत्रः

१३. बीउ रोप्ने समयः

नेपाल कानून आयोग

१४. जात दर्ता गर्नुपर्ने कारणहरुः

१५. अन्य जातमा भन्दा फरक गुणहरु (डिस्टिङ्कटनेस)ः

१६. बर्णनपुंसक प्रविधि (टर्मिनेटर टेक्नोलोजी) प्रयोग भएको छ वा छैनः

१७. आनुवाशिंक परिवर्तित बालीको बीउ हो वा होईनः

१८. पेश गर्नु पर्ने बीउको नमुना[६]

निवेदक/संस्था वा निकायको,-

सहीः

नामः

दर्जाः

संस्थाको नामः

पत्राचार गर्ने ठेगानाः

टेलिफोन नं.ः

फ्याक्स नं.ः

इमेलः

वेवसाईटः

---

<u>द्रष्टव्यः</u>

१ कृषकको जातको सम्वन्धमा पुर्खाको विवरण लागु नहुन सक्छ/बर्णशंकर जातको वंशजको खुलासा कम्पनीले गर्न वा नगर्न पनि सक्छ ।

२ यो फारामको अन्त्यमा भौगोलिक क्षेत्रमा गरिएको प्रयोगात्मक नतिजाको दुई ऋतुको तथ्यांक समावेश गर्नुहोस् ।

३ सरोकारवालाहरु भन्नाले कृषक, उपभोक्ता, प्रशोधन उद्योग, व्यापारी, बीउ बिजन कम्पनी, एग्रोभेटहरुलाई बुझाउँछ ।

नेपाल कानून आयोग

४ सरोकारवालाहरुको अभिरुचिको प्रमुख लक्षणहरुमा (१) बाली सम्पादन तथ्यांक (२) बिषम परिस्थिति सहने क्षमता (३) गुणस्तर (४) आर्थिक महत्व (५) अन्य पर्दछन् । अन्त्यमा परीक्षणको नतिजाको विवरण अनूसुचीका नम्वर उल्लेख गर्नु पर्ने ।

५ बालीनालीको जाति प्रजाती पिच्छे त्यस्ता गुणहरु फरक हुन सक्छन् ।

६ प्रस्तावित जातको एउटा नमूना जात अनूमोदन, उन्मोचन तथा दर्ता उप-समिति समक्ष पेश गर्नु पर्दछ । त्यस्तो नमूनाको परिमाण मसिना दाना हुने बालीको लागि ५० ग्राम, मध्यम दाना हुने बालीको लागि ५०० ग्राम र ठूला दाना हुने बालीको लागि एक किलोग्राम हुनु पर्दछ भने तरकारी बालीको हाइब्रीड बीउ बिजनका लागि सानो आकारको र हलुका तौल हुने बीउको हकमा २० ग्राम (काउली, बन्दा, खुर्सानी, गाजर, गोल्भेंडा, भण्टा, चम्सुर, आदि जस्ता बालीका बीउहरु) मध्यम आकार को बीउको हकमा २०० ग्राम (मूला, स्वीस चार्ड, राम तोरिया आदि जस्ता बालीका बीउहरु) र ठूला आकार को बीउको हकमा ५०० ग्राम (सीमि, वोडी, राजमा, भट्मास, केराउ आदि जस्ता बालीका बीउहरु) नमूना बुझाउनु पर्नेछ ।

नेपाल कानून आयोग

**खण्ड (घ)**

**(नियम १२ को उपनियम (२) सँग सम्बन्धित)**

**जात दर्ता गरी राष्ट्रिय अभिलेखमा राख्नको लागि दिने निवेदन**

श्री जात अनुमोदन, उन्मोचन र दर्ता उपसमिति,

.....................................................................................

विषयः जात दर्ता गराई पाउँ ।

नेपाल भित्र उत्पादन भैरहेको रैथाने एवं स्थानिय जातहरुलाई राष्ट्रिय अभिलेखमा राख्न जात दर्ता गरी सूचित गर्नु पर्ने भएकोले नियमअनुसार आवश्यक विवरणहरु संलग्न राखि जात दर्ता एवं सूचित गरी दिनु हुन अनुरोधछ ।

दर्ता तथा सूचित गराउन चाहेको बीउ बिजनको विवरणः

१. बालीः

२. जातः

३. उद्गम स्थलः

४. उत्पादकत्व (के.जी/हे.):

५. खेतीको लागि उपयुक्त क्षेत्रः

६. जात दर्ता गर्नुपर्ने कारणहरुः

७. बीउ रोप्ने समयः

८. उक्त जातको बिशिष्ट गुणहरुः

निवेदक/संस्था वा निकायको,-

दस्तखत

नाम, थरः

ठेगानाः

फोन नंः

मितिः



नेपाल कानून आयोग

## अनुसूची-२

### (नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

### जात अनुमोदन, उन्मोचन र दर्ता गर्दा अभिलेखमा खुलाउनु पर्ने कुराहरु

१. बालीको किसिमः

२. स्वीकृत नामः

३. सिफारिस गरिएको क्षेत्रः

४. ५०% फूल फूल्ने अवधि (दिनमा):

५. बाली पाक्ने अवधि (दिनमा):

६. उत्पादन क्षमता (किलोग्राम/हेक्टर):

७. विशिष्टताः

८. संकेत नम्बर (पेडिग्री):

९. फार्मर फिल्ड ट्रायलको नतिजा (सहभागितामूलक डाटा, जानकारी, सरोकारवालाको अभिरुचि र अन्य विवरणहरु भए सो समेत):

१० प्रजनकको पूरा नाम र ठेगानाः

११. अनुमोदन, उन्मोचन दर्ता मितिः

१२. सिफारिस निर्णय नम्बरः

१३. प्रमाण पत्र नम्बरः

